"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं.:०७९/०८०

च.नं.:

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

## तिनपांग्रे सवारीका साधन सुचीकृत गरी सञ्चालन तथा रुट अनुमति लिने सम्बन्धी सूचना
## (सूचना प्रकाशन मिति २०८०/०१/१५)

तिलोत्तमा नगरपालिकाको तिनपांग्रे सवारीका साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि २०७९ बमोजिम यस नगरपालिका क्षेत्रभित्र हाल सञ्चालनमा रहेका तिनपाङ्गे सवारीका साधनहरु (ईरिक्शा/टेम्पु) यस नगरपालिकामा सुचीकृत गरि सञ्चालन तथा रुट अनुमति दिनुपर्ने भएको हुँदा देहायका योग्यता पुगेका ईच्छुक व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले २१ दिनको कार्यालय समय भित्र (अन्तिम दिन बिदा परेमा भोलिपल्ट) तोकिएको ढाँचामा आवेदन पेश गर्न आव्हान गरिन्छ। आवेदनको नमूना कार्यालयबाट उपलब्ध गराईनेछ।

**मापदण्ड :**

१ नेपाली नागरिक भई तिलोत्तमा नगरपालिकाको स्थाई बासिन्दालाई प्राथमिकताहुनेछ।

२ सवारी साधन (ईरिक्शा/टेम्पु) धनी स्यमं चालक भई स्वरोजगार भएको हुनुपर्नेछ।

३ सवारी साधनको वीमा, चालक वा निजको एकाघरको सदस्यको नाममा विलबुक, र चालकको आफ्नै लाईसेन्स भएको हुनुपर्नेछ।

४ सञ्चालन अनुमति दिँदा तिलोत्तमा नगरपालिकाको स्थाई बासिन्दा रहेका सर्वप्रथम एकल महिला स्वरोजगार तत् पश्चात महिला र दलित स्वरोजगार तत्पश्चात एकघर एक रोजगार आधारमा प्राथमिकता दिईनेछ।

५ सुचीकृत गर्न चाहेको सवारी २०१८ देखि यताको मोडलको हुनुपर्नेछ साथै उक्त साधन यातायात व्यवस्था कार्यालय, बुटवलमा दर्ता वा ठाउँसारी भई विलबुक तथा वीमा नवीकरण गरेको हुनुपर्नेछ। (नोट : यातायात व्यवस्था कार्यालय, बुटवलमा ठाउँसारी नभएको भए दर्ता मितिले ६ महिना भित्र ठाउँसारी गर्नुपर्नेछ।)

६ उपरोक्त मापदण्ड पुरा गरेका र हाल तिलोत्तमा नगर क्षेत्रभित्र सञ्चालनमा रहेका र आवद्ध रहेको कम्पनीबाट सिफारिस भई आएका साधनलाई मात्र यस प्रकृयामा समावेस गराईनेछ।

७ अन्यत्र दर्ता हुन नसकेका, विलबुक नभएका वा वीमा नगरेका वा विलबुक वीमा नवीकरण नगरेका, स्वरोजगार नभएका, कुनै कम्पनीमा आवद्धता नभएका, चालकको लाईसेन्स नभएका, एकै व्यक्तिको एकभन्दा बढी साधन र बुँदा नं.५ बमोजिमको मापदण्ड पुगेको भएता पनि यान्त्रिक खरावी भएका, च्यासिस नंम्बर स्पष्ट नभएका, थोत्रा तथा विभिन्न प्रचार सामग्री राखिएका साधनलाई सुचीकृत प्रकृयामा समावेस गराईनेछैन।

**आवश्यककागज प्रमाणहरु**

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२ अन्य जिल्ला वा पालिकाको ठेगाना भएको नागरिकता भए तिलोत्तमामा प्रमाणपत्रको प्रतिलिपी वा बसोबास गरेको वडाको सिफारिस पत्र

३ चालक वा एकाघरको सदस्यको नाममा रहेको विलबुकको प्रतिलिपी (विल बुकम्याद ननाघेको हुनुपर्नेछ)

४ सवारी चालकको लाईसेन्सको प्रतिलिपी (म्याद ननाघेको हुनुपर्नेछ)

५ आवद्ध रहेको कम्पनीको सिफारिस पत्र

६ सवारी धनीको पासपोर्ट साईजको फोटो २ प्रति

०८०/१/१४

२०८०/०१/१४

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनीप्रदेश, नेपाल

Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np

Maniaram, Rupandehi